# सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

का.म.न.पा.-४, बालुवाटार, काठमाण्डौ
फोन नं. १-४५१३२१२,
Email: email.synergy@gmail.com, Web: www.synergyhydro.com


## वार्षिक साधारण सभाको
## निर्णय (माइन्युट)

**पृष्ठभूमी:**

यस सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको १७औं (आ.व.२०७९/०८०) वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाज्यूको अध्यक्षतामा मिति २०८०/०९/२९ गते (तद्अनुसार १४ जनवरी, २०२४) आइतवार बिहान ९:०० बजे देखि बिहान १०:३० बजेसम्म डेलिस ओपेरा ब्याङ्क्वैट, बालुवाटार, काठमाण्डौको सभा हलमा बसी सम्पन्न भएको थियो ।

कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, गौरीशंकर गाउँपालिका वडा नं. ९ का वडाध्यक्ष तथा शेयरधनी र आगन्तुक पाहुनाहरुलाई स्वागत गरी उपस्थित अध्यक्ष तथा सञ्चालकज्यूहरुलाई मञ्चमा आशन ग्रहण गराउनुका साथै नियामक निकायका सहभागि प्रतिनिधी, कम्पनीका कर्मचारी, विभिन्न मिडियाका पत्रकार र सम्पूर्ण पाहुनाहरुलाई यथास्थानमा आसनग्रहण गराउनु भएको थियो । सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाज्यूले पानसमा बत्ती बालेर कम्पनीको १७औं वार्षिक साधारण सभाको समुद्घाटन गर्दै आफ्नो लिखित मन्तव्यवाट सहभागी सबैलाई स्वागत तथा अभिवादन व्यक्त गर्नु भएको थियो ।

**१. सभा सम्बन्धी सूचना र प्रकाशन:**

१७औं वार्षिक साधारण सभाको सूचना तथा छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०८०/०९/०७ गते शनिबार र मिति २०८०/०९/१७ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट तथा कम्पनीको बेवसाइटमा यस साधारणसभाको सूचना राखिएको थियो । सधारण सभा सम्बन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचनापाटी तथा कम्पनीको वेभ साइट www.synergyhydro.com मा पनि राखिएको थियो ।

**२.उपस्थिति:**

(क) **सञ्चालक तथा पदाधिकारीहरु:**

| | | |
|---|---|---|
| १. श्री इन्द्र बहादुर थापा | – | अध्यक्ष |
| २. श्री सुरेन्द्र बहादुर खड्का | – | प्रबन्ध सञ्चालक |
| ३. श्री प्रकाश कुमार अधिकारी | – | सञ्चालक |
| ४. श्री गोपाल प्रसाद आचार्य | – | सञ्चालक |
| ५. श्री निरु के.सी.कार्की | – | सञ्चालक |
| ६. श्री ध्रुवराज शर्मा | – | कम्पनी सचिव |

(ख) **कर्मचारीहरु:**

| | | |
|---|---|---|
| १. निर्मल सिल्वाल | – | प्लान्ट म्यानेजर |
| २. श्री सुजन चन्द्र पौडेल | – | लेखा तथा प्रशासन प्रमुख |
| ३. श्री तारानाथ भट्टराई | – | प्रशासकीय अधिकृत |
| ४. श्री अम्बिका कुमारी पौडेल | – | लेखापाल |

(ग) **विभिन्न निकायका प्रतिनिधिहरु:**

| | | |
|---|---|---|
| १. श्री डिमगेली शेर्पा | – | वडाध्यक्ष, वडा नं. ९ गौरीशंकर गा.पा. तथा शेयरधनी प्रतिनिधी, गौरीशंकर गाउँपालिका, दोलखा । |
| २. श्री अनुप आचार्य | – | ग्लोवल आइएमई क्यापिटल लि. (प्रतिनिधी) |
| ३. श्री मीरा खड्का | – | ग्लोवल आइएमई क्यापिटल लि. (प्रतिनिधी) |

(घ) **शेयरधनीहरु:**

१. स्वयं उपस्थित: ६३ जना

२. प्रोक्सी: ८९९ जना

३. **सभाको गणपूरकसंख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| **विवरण** | **कुल संख्या** | **स्वयं उपस्थिति** | **प्रोक्सी** | **जम्मा** | **प्रतिनिधित्व प्रतिशत** |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ७०९८७ | ६३ | ८९९ | ९६२ | १.३६ |
| कम्पनीको शेयर संख्या | १,२०,९८,६२५ कित्ता | ८७२५२२.८९ | ५५२७१४३.६० | ६३९९६६६.४९ | ५२.९० |

४. **सभाको वैधानिकता:**

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा अध्यक्षज्यूबाट सभा सञ्चालन गर्ने अनुमति प्राप्त भयो । शेयरधनीहरुबाट पनि कम्पनीको वार्षिक साधारण सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र वार्षिक आर्थिक विवरण उपस्थित सम्पूर्ण शेयरधनी समक्ष वितरण गरियो । साधारण सभामा निम्न लिखित विषय सूचिहरुमा विस्तृत छलफल गरी निर्णय गर्न प्रस्ताव पेश गरिएको थियो ।

५. **छलफलका लागि प्रस्तावित विषयहरु:**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९।०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।

SYNERGY POWER DEVELOPMENT LIMITED
सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

२

२. आ.व.२०७९।०८० को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।
३. आ.व.२०८०।०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक पीवाईसी एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. विविध ।

**६. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफलः**

सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाले लिखित मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । साधारण सभामा प्रस्तुत प्रस्तावहरु उपर निम्न लिखित शेयरधनीहरुले निम्न लिखित आफ्ना भनाई मार्फत यस साधारण सभाको सफलता र प्रगतीका लागी शुभकामना तथा सुझाव दिनु भएको थियो ।

क. **डमरुबल्लभ घिमिरे, शेयरधनी :** पब्लिक कम्पनीहरुलाई साधारणसभा गर्नको लागि ६ महिनाको समय दिईएको भए पनि अन्तिम दिनमा साधारणसभा नगरी अबदेखी आ.व.को पहिलो त्रैमासिक भित्र सभा गर्न र आगामी वर्ष शेयरधनीलाई Bonus Share दिनको लागि सुझाव दिनु भयो ।

ख. **श्री चन्द्र नारायण श्रेष्ठ, शेयरधनी:** आगामी वर्ष प्रतिफल दिने गरी कार्य गर्न कम्पनी व्यवस्थापन तथा आधारभूत शेयरधनीहरुलाई अनुरोध गर्दै कम्पनीले हाल निर्माणाधीन आयोजना सञ्चालनमा आएपछि लाभांश वितरण गर्नेमा विश्वास व्यक्त गर्नु भयो ।

ग. **श्री अमिर दास रञ्जित, शेयरधनी :** यस वर्ष प्रतिफल पाउन नसकेको भए पनि आगामी वर्ष धेरै प्रतिफल प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । कम्पनीमा खर्चहरु बढ्दै गएको देखिएकोले खर्चहरुमा नियन्त्रण गरी प्रतिफललाई घट्न नदिने गरी कार्य गरी साधारण सभा दशैंतिहारको आसपासमा गर्नको लागि सुझाव दिनु भयो ।

घ. **श्री निरुपमा गुप्ता, शेयरधनी :** कम्पनीलाई प्रगति पथमा लैजानको लागि भावि रणनीति, योजना र Investment Policy को बारेमा पनि वार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्ने सुझाव दिनु भयो ।

ङ. **श्री उत्तम पाठक, शेयरधनी :** जगेडा कोषमा ७ करोड ७३ लाख संचित मुनाफा राख्न सफल यस कम्पनीले आगामी वर्ष लगानीकर्तालाई राम्रो प्रतिफल दिनेमा विश्वास व्यक्त गर्दै खर्चमा मितव्ययीता अपनाई आम्दानीका स्रोत बढाउँदै अन्य नयाँ नयाँ आयोजनामा लगानी बढाउनको लागि सुझाव दिनु भयो ।

च. **श्री सुदिप श्रेष्ठ, शेयरधनी :** वार्षिक १९ करोड ८८ लाख ८६ हजार आम्दानी गर्न सफल यस आयोजनाले आगामी वर्ष शेयरधनीहरुलाई Returns दिनेमा विश्वस व्यक्त गर्दै यस साधारण सभाको सफलताको शुभकामना दिनु भयो ।

छ. **श्री ब्रम्हदेव शाक्य, शेयरधनी :** जलविद्युत आयोजनाको विकास भनेको देशको भौतिक पूर्वाधार विकास हो । कम्पनीले जलविद्युत आयोजना निर्माणमा पुर्याएको योगदानको उच्च प्रशंसा गर्दै देशको उर्जा आपूर्तिलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

ज. **श्री अर्जुन माझी, शेयरधनी:** प्रशासनिक खर्च ज्यादा भएको र कर छुटको अवधिमा पनि मुनाफा दिन नसकेको कम्पनीले आगामी वर्ष मुनाफा दिने आधार के छ ? भनेर सञ्चालक समितिबाट जवाफ माग गर्दै सभा सफलताको शुभकामना दिनु भयो ।

SYNERGY POWER DEVELOPMENT LIMITED

सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

झ. कृष्ण कष्यप (अधिकारी) : कम्पनीको साधारण सभा प्रत्येक आर्थिक वर्ष सकिएको छ महिना भित्र गरिसक्नु पर्नेमा अन्तिम दिन नपारी सो भन्दा अगावै साधारणसभा गर्न सुझाव दिनु भयो ।

उल्लेखित शेयरधनीहरुले दिएको उपरोक्त राय, सुझाव र जिज्ञासाका बारेमा सभाका अध्यक्ष श्री इन्द्र बहादुर थापाले विस्तृत जवाफ दिनु भयो साथै प्राप्त राय सुझावहरुलाई आगामी दिनमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

७. **सभाबाट पारित निर्णयहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व.२०७९/०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचीहरु स्वीकृत गर्न सभामा पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक PYC & Associates, Chartered Accountants का साझेदार लेखापरीक्षक श्री यज्ञराज भट्टज्यूलाई नियुक्त गर्ने र निजलाई पारीश्रमिक रु. २ लाख २६ हजार दिने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

विविध प्रस्तावमा निर्णय गर्न केही नभएको हुँदा अध्यक्षज्यूले वार्षिक साधारण सभाको कार्यक्रम सम्पन्न भएको घोषणा गर्नु भयो ।

सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड
SYNERGY POWER DEVELOPMENT LIMITED

..........................
श्री ध्रुवराज शर्मा
कम्पनी सचिव

..........................
श्री इन्द्र बहादुर थापा
अध्यक्ष